बैठक संख्याः ३।२०८३

बैठक मितिः २०८३।१।३१ गते, समयः बिहान ११:०० बजे

स्थानः सप्तकोशी नगरपालिका कार्यालयको सभाहल, सप्तरी

आज मिति २०८३।१।३१ गते, विहिवार बिहान ११:०० बजे सप्तकोशी नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद ढकालज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरू माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद ढकाल | नगर प्रमुख-अध्यक्ष | | |
| २ | श्री रिता कुमारी चौधरी | नगर उपप्रमुख | | |
| ३ | श्री रोहिणी प्रसाद पोखरेल | वडा अध्यक्ष | १ | |
| ४ | श्री जाहिर हुसेन | वडा अध्यक्ष | २ | |
| ५ | श्री देवकान्त गोजेवार | वडा अध्यक्ष | ३ | |
| ६ | श्री तिर्थराज चौधरी | का.व.वडा अध्यक्ष | ४ | |
| ७ | श्री गोसाई चौधरी | वडा अध्यक्ष | ५ | |
| ८ | श्री नन्दी लाल चौधरी | वडा अध्यक्ष | ६ | |
| ९ | श्री जितन चौधरी | वडा अध्यक्ष | ७ | |
| १० | श्री केदार प्रसाद साह | वडा अध्यक्ष | ८ | |
| ११ | श्री राजेन्द्र कुमार यादव | वडा अध्यक्ष | ९ | |
| १२ | श्री विजय कुमार राउत | का.वा.वडा अध्यक्ष | १० | |
| १३ | श्री डोलेश्वर खड्का | वडा अध्यक्ष | ११ | |
| १४ | श्री मनो कुमारी चौधरी | कार्यपालिका सदस्य | ३ | |
| १५ | श्री राजेन्द्र वि.क. | कार्यपालिका सदस्य | २ | |
| १६ | श्री रमेश प्रसाद साह | कार्यपालिका सदस्य | ८ | |
| १७ | श्री ललिता देवी खड्ग | कार्यपालिका सदस्य | ९ | |
| १८ | श्री प्रभा कुमारी चौधरी | कार्यपालिका सदस्य | ५ | |
| १९ | श्री संझा कुमारी चौधरी | कार्यपालिका सदस्य | ६ | |
| २० | श्री शान्ति देवी यादव | कार्यपालिका सदस्य | १० | |
| २१ | श्री संजु देवी चौधरी | कार्यपालिका सदस्य | ११ | |
| २२ | श्री पुरुषोत्तम ढकाल | प्रमुख प्रशासकीय अधिकृत | | |
| आमन्त्रित एवं सहयोगी कर्मचारीहरू | | | | |
| १ | श्री लोकेश चन्द्र पैकरा | इन्जिनियर सातौं | | |
| २ | श्री कविता बस्नेत | लेखा अधिकृत | | |

बैठक संख्याः ३।२०८३

बैठक मितिः २०८३।१।३१ गते, समयः बिहान ११:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, सप्तरी

| क्र.सं. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| ३ | श्री किशोर कुमार यादव | इन्जिनियर छैठौं | | |
| ४ | श्री रण वहादुर मगर | अधिकृत छैठौं | | |
| ५ | श्री राम वहादुर कटुवाल | आ.ले.प अधिकृत | | |

**प्रस्तावहरू**

१. प्रस्ताव नं. १ : नगर कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्वन्धमा ।

२. प्रस्ताव नं. २ : कृषि उपकरण खरीद सम्वन्धमा ।

३. प्रस्ताव नं. ३ : गाईभैसी श्रोत केन्द्र कार्यक्रम संचालन सम्वन्धमा ।

४. प्रस्ताव नं. ४ : अधुरो विद्यालय भवन निर्माण सम्वन्धमा ।

५. प्रस्ताव नं. ५ : योजना सञ्चालनको अवस्था सम्वन्धमा ।

६. प्रस्ताव नं. ६ : मनोसामाजिक परामर्शकर्ता करारमा भर्ना सम्वन्धमा ।

७. प्रस्ताव नं. ७ : संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्वन्धमा ।

८. प्रस्ताव नं. ८ : पन्ध्र शैयाको आधारभूत अस्पत्तालको हस्तान्तरण सम्वन्धमा ।

९. प्रस्ताव नं. ९ : आर्थिक सहयोग सम्वन्धमा ।

१०. प्रस्ताव नं. १० : वडा नं.२को सुकुम्वासी टोलको खहरे खोलामा रहेको वाँध मर्मत र विभिन्न वडाहरुको वाटोहरुमा भएका खाल्डा खुल्डीहरु पुर्ने र वडा नं.१०को मलाहा टोलको विद्यालयको शौचालय मर्मत सम्वन्धमा ।

**निर्णयहरू**

**निर्णय नं. १**

ससकोशी नगरपालिकाको अघिल्लो नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरू कार्यान्वयनको सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं. २**

मधेश प्रदेश सरकार, अर्थ मन्त्रालय, जनकपुरधाम, नेपालको प.सं.२०८२।०८३ च.नं.८६१ मिति २०८३।१।२३ गतेको पत्रवाट विशेष अनुदानवाट संचालन हुने कार्यक्रम कृषि अनुदान उपकरण खरीद वडा नं.४ शिर्षकमा वजेट रु.३००००००।– (तीस लाख) विनियोजन भई प्राप्त हुन आएको व्यहोरा वैठक समक्ष जानकारी भयो ।उक्त वजेटवाट ससकोशी नगरपालिकाको कार्यालयवाट नगर क्षेत्र भित्र रहेका किसानहरुलाई सहयोग पुर्याउने उदेश्यले ६० देखि ७५ एच.पी.को ट्रयाक्टर र ल्याण्ड लेजर लेभलर मेशिन खरीद गर्ने निर्णय गरियो ।

बैठक संख्याः ३।२०८३

बैठक मितिः २०८३।१।३१ गते, समयः बिहान ११:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

**निर्णय नं. ३**

ससकोशी नगरपालिकाको लागि चालु आ.व. २०८२।०८३ मा संघीय सरकारवाट हस्तान्तरित गाईभैसी श्रोत केन्द्र कार्यक्रममा वजेट रु.७०००००।– (सात लाख) विनियोजन भएकोमा नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयवाट जारी भएको प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ वमोजिम गोठ सुधार कार्यक्रम संचालन गर्नेको लागि सूचना प्रकाशन गर्दा दुईवटा फार्म दादाजी कृष्णराम भैसी तथा गाई पशुपंक्षी फर्म, स.न.पा.-९ को ६ वटा भैसी, ६ वटा पाडापाडी र माँ कालीवन्दी गाई भैसी फार्म, स.न.पा.-९को ६ वटा भैसी, ६ वटा पाडापाडी मात्र गोठमा देखिएको भनि पशु शाखाका कर्मचारीहरुवाट प्रतिवेदन पेश हुन आएकोमा कार्यविधिले न्यूनतम १० वटा गाई भैसी पालेको हुनु पर्ने व्यवस्था वमोजिम नभएकोले पुन प्रस्ताव माग गर्ने निर्णयानुसार सूचना गरिएकोमा मानषि पशुपंक्षी पालन फर्म, स.न.पा.-२ वाट गाई गोठमा टिनको छाना लगाउने(ट्रस निर्माण )समेतको एक मात्र प्रस्ताव पेश हुन आएकोले पुनः तेस्रो पटक सात दिनको सूचना मार्फत प्रस्ताव आव्हान गरी गोठ सुधार कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

ससकोशी नगरपालिकाबाट आ.व. २०८२।०८३ मा सोहौं नगर अधिवेशनवाट वडा नं.४ वडा नं.७, र वडा नं.११ को अधुरो विद्यालय भवनको निर्माण कार्यको लागि वजेट रु.६०००००।– विनियोजन भएकोमा तीनै वटा वडाको अधुरो विद्यालयको काम पुरा गर्न प्राविधिक लागत अनुमान जम्मा रु. १२,३५३३५।३० पैसा पेश हुन आएकोले वजेट कमी भएको कारणले हाललाई वडा नं.७, र वडा नं.११ को अधुरो विद्यालय भवनको निर्माण कार्य सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

ससकोशी नगरपालिकाबाट चालु आ.व. २०८२।०८३ मा हालसम्म सञ्चालन भएका योजना/कार्यक्रमको सम्वन्धमा वैठक समक्ष पेश भई छलफल हुँदा निर्माण सामग्रीहरुको वजार मूल्य वृद्धिको कारणले सम्वन्धित वडाहरुवाट गठन भई आएका उपभोक्ता समितिहरुले योजनाको सम्झौता गर्न आनाकानी गर्ने गरेको र निर्माण व्यावसायीहरुले समेत योजनाको कार्य गर्न अनुच्छुक रहेको अवस्था समेतलाई मध्यनजर गर्दा २०८३ जेष्ठ ५ गतेसम्ममा उपभोक्ता समितिसंग सम्झौता गरी योजनाको निर्माण कार्य संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

ससकोशी नगरपालिकाबाट आ.व. २०८२।०८३ मा सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम सञ्चालन तथा व्यवस्थापनमा सहयोग पुर्‍याउनको लागि एक जना मनोसामाजिक परामर्शकर्ता

बैठक संख्याः ३।२०८३

बैठक मितिः २०८३।१।३१ गते, समयः विहान ११:०० बजे

स्थानः सप्तकोशी नगरपालिका कार्यालयको सभाहल, सप्तरी

(पाँचौं तह) १ जना करारमा भर्नाको लागि पदपूर्ति समिति गठन भई परीक्षा सञ्चालन भएकोमा मिति २०८३।१।२३ गते संचालित कम्प्युटर सीप परीक्षण परीक्षामा सहभागी ४ जना परीक्षार्थी मध्ये कोही पनि सफल नहुनु भएकोले मिति २०८३।१।२४ गते पुनः सात दिनको विज्ञापन गरी दरखास्त आव्हान गरिएकोमा एक जनाको मात्र दरखास्त प्राप्त हुन आएकोले पुनः सात दिनको म्याद दिई दरखास्त आव्हान गर्ने र यस अघि गठित पदपूर्ति समितिको सदस्य अधिकृत सातौं, श्री प्रकाश सुवेदीको अन्यन्त्र पालिकामा सरुवा भई जानु भएकोले मनोसामाजिक परामर्शकर्ता भर्नाको लागि देहाय वमोजिमको पदपूर्ति समिति गठन गर्ने र आवश्कता अनुरुप समितिले विज्ञलाई आमन्त्रण गर्न सकिने निर्णय गरियो ।

देहाय

१. प्रमुख प्रशासकीय अधिकृत – संयोजक
२. प्रशासन शाखाको अधिकृतस्तर कर्मचारी – सदस्य
३. मधेश प्रदेश, स्वास्थ्य मंन्त्रालय वा मातहतको अधिकृत विषय विज्ञ - सदस्य
४. रोजगार संयोजक – सदस्य सचिव

निर्णय नं. ७

मधेश प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ६ मा व्यवस्था भए वमोजिम सप्तकोशी नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सिफारिस गर्नको लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा आवश्यक्ता अनुरुप सवै शाखा प्रमुखहरु आमन्त्रित सदस्य रहने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण सिफारिस समिति गठन गरिएकोमा समितिका सदस्य प्रशासकीय अधिकृत श्री प्रकाश सुवेदीको अन्यन्त्र पालिकामा सरुवा भएकोले देहाय वमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

देहाय

१. प्रमुख प्रशासकीय अधिकृत श्री पुरुषोत्तम ढकाल- संयोजक
२. अधिकृतस्तर आठौं श्री दिपेन्द्र साह -सदस्य
३. लेखा अधिकृत श्री कविता वस्नेत-सदस्य
४. ईन्जिनियर श्री किशोर कुमार यादव -सदस्य
५. अधिकृत श्री रण वहादुर मगर- सदस्य-सचिव

४/६

बैठक संख्याः ३।२०८३
बैठक मितिः २०८३।१।३१ गते, समयः बिहान ११:०० वजे
स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

**निर्णय नं. ८**

ससकोशी नगरपालिकाको खरिद कार्य नं:NCB/SM/HB/15BED/01/2078/079, Construction of 15 Bedded Primary Hospital Building Ward No.5, योजनाको निर्माण कार्यका लागि ससकोशी नगर कार्यपालिकाको कार्यालय र लामा कन्स्ट्रक्सन कम्पनी प्रा.लि. काठमाण्डौं, नेपाल बीच मिति २०७९।०१।०४ गते सम्झौता भई निर्माण कार्य संचालन भएकोमा उक्त योजनाको अवस्थाको सम्वन्धमा ईन्जिनियर श्री लोकेश चन्द्र पैकरा र ईन्जिनियर श्री किशोर कुमार यादव समेतवाट सो योजना निर्माण भई सकेकोमा सम्वन्धित निर्माण व्यवसायीलाई उल्लेखित निर्माण योजनाको Handover गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा जानकारी गराउँदा समेत हालसम्म निर्माण व्यावसायीले सो योजनाको Handover गर्ने तर्फ चासो नदेखाएको भनी पेश हुन आएकोले लामा कन्स्ट्रक्सन कम्पनी प्रा.लि. काठमाण्डौं, नेपाललाई सात दिने लिखित स्पष्टीकरण सोध्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

ससकोशी नगरपालिकामा वसोवास गर्ने व्यक्ति / संघसंस्थालाई स्वास्थ्य उपचार खर्च/ विपद राहत/ काज क्रिया सहयोग/ खेलकुद सहयोग/परम्परागत पुजा सहयोग वापत चालु आ.व. २०८२|०८३ मा आर्थिक सहायता शिर्षकमा विनियोजित बजेट मध्येबाट निम्नानुसारको राहात सहायता रकम उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | आर्थिक सहायता प्रदान गरिने व्यक्ति/संस्थाको नाम,थर /ठेगाना | आर्थिक सहायता प्रदान गर्नुपर्ने कारण | सम्बन्धित वडा/व्यक्ति/संस्थाको सिफारिस पत्रको च.नं. र मिति | आर्थिक सहायता रकम/जिन्सी |
|---|---|---|---|---|
| १ | मान वहादुर मगर/वडा नं. १ | श्रीमती कोपिला मगरको उपचार सहयोग | ८३९/२०८३|१|२३ | रु.२०,०००|- |
| २ | जिल्ला भारत्तोलन संघ ससरी | खेलकुद सहयोग | | रु.२०,०००।- |
| ३ | सुमन रायमाझी/वडा नं.१ | श्रीमती कल्पना भट्टराईको उपचार सहयोग | २०८३।१।३० | रु.२०,०००।- |

५/६

बैठक संख्याः ३।२०८३
बैठक मितिः २०८३।१।३१ गते, समयः बिहान ११:०० बजे
स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

**निर्णय नं. १०**

ससकोशी नगरपालिका अन्तर्गत वडा नं.२ स्थित सुकुम्वासी टोलको खहरे खोलामा रहेको वाँध मर्मत र विभिन्न वडाहरुको वाटोहरुमा भएका खाल्डा खुल्डीहरु पुरी आवतजावतलाई सहजता गर्नको लागि गिट्टी ग्राभेल संकलन गरी मर्मत गर्न प्राविधिक लागत अनुमान तयार गर्ने र चालु आ.व.२०८२।०८३ को विपद व्यवस्थापन शिर्षकमा विनियोजित वजेट मध्ये रु.३०००००।- वाट वडा नं.१०को मलाहा टोल स्थित राष्ट्रिय आधारभूत विद्यालयको शौचालय मर्मत गर्ने निर्णय गरियो ।